# सुनछहरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

**सुनछहरी गाउँपालिका अध्यक्ष श्री धन बहादुर पुनमगर ज्यूले**
**१६ औं गाउँसभामा पेश गर्नुभएको**

## सुनछहरी गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत बार्षिक नीति तथा कार्यक्रम

**सुनछहरी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**पोवाङ,रोल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

१६ औं गाउँसभामा पेश गरेको मितिः २०८१/०३/०७ गते शुक्रबार

स्वीकृत मितिः२०८१/०३/०७ गते शुक्रबार

...............ज्यू,

गाउँपालिका उपाध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,

१. नेपालको संविधान बमोजिम यस गाउँपालिकाको दोस्रो कार्यकालका लागि भएको निर्वाचन पश्चात् निर्वाचित भई तेस्रो आर्थिक बर्षको नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा सभाको अध्यक्षको हैसियतले पेश गर्न पाउँदा गौरवको महसुस गरेको छु।

२. यस अवसरमा लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना तथा संस्थागत विकास गर्नका लागि नेपाली जनताले पटक- पटक गर्दै आएका संघर्षहरु,ऐतिहासिक जनआन्दोलन भाग -२, सशस्त्र संघर्ष,जनयुद्वको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौमिकता, भौगलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता,स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् वीर शहीदहरुप्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु। साथै, घाइते, बेपत्ता योद्वाहरुको त्याग, तपस्या र बलिदान तथा अग्रजहरुको अतुलनीय योगदानको उच्च सम्मान प्रकट गर्दछु।

३. नेपालको संघीय संरचना तीन तहमा अभ्यास गर्ने संवैधानिक ब्यबस्था अनुरुप सुनछहरी गाउँपालिकाले संवैधानिक र कानुनी अधिकारमा रही आवधिक, बार्षिक योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्दै आएको सबैलाई स्मरण गराउन चाहन्छु।

४. संघीयताको वास्तविक अनुभूति जनताको निकट भई सेवा, विकास र सुशासन प्रवर्द्धन गर्नु हो। यसका लागि सुनछहरी गाउँपालिका नागरिकमैत्री सेवा प्रवाह, जनताको मागमा आधारित विकास ब्यबस्थापन र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्न दृढ प्रतिबद्व रहेको छ।

...............ज्यू,

गाउँपालिका उपाध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,

अब म  चालू आ. ब. २०८०।०८१ को नीति तथा कार्यक्रमको समीक्षा पेश गर्न चाहन्छु ।

५. सीमित स्रोत तथा साधन र जनशक्तिको उपलब्धताका बाबजुद पनि यस गाउँपालिकाले सबै क्षेत्रको कार्यप्रगति सन्तोषजनक रुपमा भइरहेको अबगत गराउन चाहन्छु । गुणस्तरीय  सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण, सचेत समाज निर्माण, विकासको छनौट, कार्यन्वयन र वितरण लगायत हरेक तहमा सबैको अर्थपूर्ण सहभागिता र संलग्नता प्रवद्धन गर्न यो गाउँपालिका प्रतिबद्व रहेको छ ।

६. गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण, विपद् जोखिम न्युनीकरण र संस्थागत विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत पूर्वाधारहरु तयार गरी सन्तुलित विकासलाई जोड दिइएको छ । स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा योजना तथा कार्यक्रमहरु छनौट गरी प्रभावकारी रुपमा कार्यन्वयन भइरहेको अवगत गराउन चाहन्छु ।

७. विकासमा  बिपन्न तथा अल्पसङ्ख्यक, भौगलिक विकटता र पछाडि परेका बर्ग तथा समुदायहरुलाई केन्द्रबिन्दू बनाइ नागरिकहरुको अधिक सहभागितालाई प्रवर्द्धन गर्ने गरी गाउँपालिकाका समग्र योजना तथा कार्यक्रमहरु संचालन गरिएको छ । नागरिकको आर्थिक अबस्थामा सुधार, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्दै विभिन्न आयामहरुबाट मानव विकासको स्तर बढाउन गाउँपालिका प्रयत्नशील रहेको छ ।

८. सक्रिय श्रमशक्ति पलायन हुदै गइरहेको अबस्थामा आशातीत रुपमा समग्र हिसाबले गुणात्मक फड्को लिन नसकेता पनि कृषि, पशुपालन, लघु उद्यम, पर्यटन र सामाजिक विकासका क्षेत्रमा नयाँ आयाम र सम्भावनाहरु बढ्दै गएका छन् ।

९. नागरिकको नजिकको सरकारको रुपमा रहेको यस गाउँपालिका अन्तर्गत रहेका ७ वटा वडा कार्यालयहरु, विषयगत शाखाहरु, इकाई, विद्यालय र स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवा र विकासका कार्यहरुलाई छिटो, छरितो र प्रभावकारी ढङ्गबाट सम्पादन हुने ब्यबस्था मिलाइएको छ । नियमित कार्यसम्पादन तथा सेवा प्रवाहका लागि दरबन्दी बमोजिम पदपूर्ति नभए पनि उपलब्ध

जनशक्तिलाई दक्ष, सीपयुक्त र कार्यजिम्मेवारी प्रति समर्पित बनाउन तालिम, क्षमता विकास,उत्प्रेणा तथा प्रोत्साहन र कार्यसम्पादन मूल्याङ्कनका आधारमा जिम्मेवारी प्रदान गर्न जोड दिइएको छ।

१०. कृषि तथा पशुमा आधारित साझेदारी परियोजना, पशु स्वास्थ्य सेवामा सबैको पहुँच अभिबृद्धि, लघु उद्यम विकासका कार्यक्रमहरु मार्फत ब्याबसायिकताको विकास, आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच, सामुदायिक विद्यालयको गुणस्तर बृद्धि, पूर्णखोप युक्त गाउँपालिका घोषणा, गुणस्तरीय र दीगो पूर्वाधार निर्माण, लक्षित कार्यक्रमहरुबाट नागरिकहरुमा सीप विकास, सचेतना र जागरण अभिबृद्धि, सामाजिक न्याय, समता, समानता र स्वरोजगारका अवसरको सृजना लगायतका योजना तथा कार्यक्रमहरुबाट गाउँपालिकालाई समृद्धिको यात्रा तर्फ लैजान अग्रसर छौ।

११. भौगलिक हिसाबले बिकटता भए तापनि सबै वडाहरु सडक सञ्जालले जोडिएका, कृषि क्षेत्रमा सक्रिय जनसंख्या धैरै हुनु, प्राकृतिक खनिज पदार्थहरु रहनु, भाषा, संस्कृति र परम्परागत मौलिकता,विकासमा सबैको ऐक्यबद्धता र प्रतिबद्धता हुनु र पर्यापर्यटन र सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना रहनु, तहगत सरकार र विकास साझेदारहरुको चासो र प्राथमिकता हुनु गाउँपालिकाको समग्र विकासका लागि ठूलो अवसर रहेको छ।

१२. सेवा र विकासमा नागरिकका तीब्र अपेक्षा पूरा गर्नु, विकास प्रक्रियामा सबै नागरिकको सहभागिता सुनिश्चित गर्नु, स्थानीय स्रोत र साधनको समुचित उपयोग र वितरण गर्नु, तहगत सरकारबीच समन्वय र सहकार्य अभिबृद्धि गर्नु, नागरिकको चेतनास्तरमा अभिबृद्धि गर्नु, समयमै विकास निर्माणका कामहरुलाई सम्पन्न गर्नु, स्थानीय सेवा सम्बन्धी मार्गदर्शक कानुन संघ तथा प्रदेशबाट नबन्दा गाउँपालिकाको जनशक्ति पदपूर्ति समयमै गर्न नसकिनु, सीमित स्रोत एवं साधनबाट आवधिक योजनामा उल्लिखित योजना तथा कार्यक्रमहरुका लागि पर्याप्त स्रोत ब्यबस्थापन गर्नु, प्रविधिमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्नु, महिला हिंसा र विभेदजन्य कार्यहरुलाई पूर्णतः निवारण गर्नु, गाउँपालिकाको आन्तरिक स्रोतको दायरालाई फराकिलो बनाउदै लैजानु र समावेशी आर्थिक विकास मार्फत रोजगारीका पर्याप्त अवसरहरु सृजना गर्नु हाम्रा सामु चुनौतीका रुपमा रहेका छन्।

...............ज्यू,

गाउँपालिका उपाध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,

१३. रोल्पा जिल्लाको पूर्वी भागमा २७७.६२ बर्ग किमी क्षेत्रफल र १७२४१ जनसंख्या रहेको यस गाउँपालिकालाई विकास, सुशासन र समृद्धिको उच्च स्तरमा पुर्याइ निर्वाचित हुदै गर्दा लिएका संकल्पहरु तथा प्रतिबद्धताहरुको कार्यन्वयन गर्नु हाम्रो अहंम जिम्मेवारी र कर्तब्य हाम्रो सामु रहेको छ । राष्ट्रिय स्तरको १६ औं पञ्चबर्षीय योजनाको "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच, लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना( २०८१/०८२-२०८५/०८६) को " समृद्ध लुम्बिनीः आर्थिक विकास, सुशासन, समता र समुन्नति"को सोच र गाउँपालिकाको दोस्रो पञ्चबर्षीय आविधक योजना ( आ.ब. २०८१।८२- २०८५।८६) को "सुनछहरी समृद्धिको आधारः सुशासन,उत्पादनमुखी रोजगारी, पर्यटन र पूर्वाधार" को सोच , राष्ट्रिय र प्रादेशिक एवं स्थानीय आबश्यकता, निर्वाचनका समयमा गरिएका प्रतिबद्धताका आधारमा गाउँपालिकाको विकास, समृद्धि र समुन्नतिको आधारमा रही आगामी आर्थिक बर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम गरिमामय यस गाउँसभामा राख्न चाहन्छु ।

## कृषि प्रणाली र पशुपालनमा सुधारः आर्थिक समृद्धिको आधार

१४. खाद्य सुरक्षा, खाद्य सम्प्रभूता साथै पोषण सुरक्षाको सुनिश्चितताको मान्यता अनुरुप उत्पादक र उपभोक्ताको अधिकार सुनिश्चित गर्ने गरी कृषिमा विविधिकरण, व्यावसायीकरण, आधुनिकीकरण र बजारीकरणमा जोड दिइनेछ ।

१५. पोषण तथा खाद्य सुरक्षा सुनिश्चितताको लागि हरेक वडामा रैथाने बाली प्रर्वद्वन, एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, विद्यालय नर्सरी तथा करेसाबारी निर्माण जस्ता कार्यक्रमहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

१६. कृषि तथा पशुमा साझेदारी कार्यक्रम मार्फत कृषि तथा पशु सम्बन्धी बिभिन्न कार्यक्रमहरु संचालन गरी व्यावसायिकता प्रवर्द्धन गरिनेछ ।

१७. आत्मनिर्भर आर्थिक विकासको लागि कृषि, पशुपालन र जडिबुटी उत्पादनलाई बिषेश जोड दिदै उत्पादित बस्तुलाई उद्योग संग जोडि उद्योगबाट उत्पादित बस्तुलाई बजार संग जोड्ने प्रयत्न गरिने छ।

१८. स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गर्न कोदो, फापर, सिमी, भटमास जस्ता बालीहरुमा उत्पादन वृद्धि गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

१९. कृषिमा व्यावसायिकता प्रवर्द्धन लागि मकै बाली प्रवर्द्धन, फलफूल खेती प्रवर्द्धन र स्याउ/ओखर पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२०. ७५%अनुदानमा कृषकहरुलाई गहूँ, मकै,च्याउँ, तरकारी तथा मसला बालीको बिउँ, फलफूलका बेर्ना र विषादी उपलब्ध गराइनेछ।

२१. संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा तथा अन्य निकायको सहकार्यमा अण्डा, मासु र अन्य पशुजन्य उत्पादनमा आत्मनिर्भर हुनको लागि प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यन्वयन गर्ने नीति लिइनेछ।

२२.आत्मनिर्भर आर्थिक विकासको लागि कृषि, पशुपालन र जडिबुटी उत्पादनलाई बिषेश जोड दिदै उत्पादित बस्तुलाई उद्योग संग जोडि उद्योगबाट उत्पादित बस्तुलाई बजार संग जोड्ने प्रयत्न गरिने छ।

२३.परम्परागत निर्वाह मुखि खेति प्रणालीलाई बैज्ञानिक र ब्यवसायिक खेति प्रणालीमा बदल्न कृषक अनुदान, प्रोत्साहन कार्यक्रम बनाएर कार्यान्वयन गरिने छ।

२४. व्यावसायिक रुपमा पशुपालक कृषकहरुलाई फर्म सुदृढीकरण, खोर सुधार र पशुपन्छी पालक कृषकलाई कृषक पाठशाला कार्यक्रम संचालनमा ल्याइनेछ।

२५. स्वस्थ पशुपंन्छीः व्यावसायिक कृषि लाई प्रवर्द्धन गर्न पशु रोग नियन्त्रण र निर्मुलका लागि आवश्यक औषधीहरुको प्रबन्ध मिलाइनेछ।

२६. कृषि तथा पशुपन्छी तथ्याङ्क अद्यावधिक गर्न बाँकी रहेका वडाहरुको बिवरण संकलन गरिनेछ।

## लघु उद्यमको विस्तारः घर-घरमा स्वरोजगार

२७. व्यावसायिक सीप विकासमार्फत पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा लघु उद्यमी सृजना गरी आवश्यकता र पहिचानका आधारमा सीप विकास तथा प्रविधि हस्तान्तरण गरिनेछ। यसबाट उद्यमशीलताको विकास तथा प्रवर्द्धनमा टेवा पुग्नेछ।

२८. लघु उद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ । नवप्रवर्तनात्मक उद्योग सञ्चालन गर्न चाहने उद्यमीका लागि मागमा आधारित उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. उद्यमशीलता विकास  र स्वरोजगार प्रवर्द्धनमा युवाहरुलाई प्राथमिकता दिइने नीति अबलम्बन गरिनेछ ।

## सुनछहरीको पहिचान: दीगो र विविधतायुक्त पर्यटन

३०. दीगो पर्यटन विकासका लागि पर्यटन विकासका लागि गुरुयोजना बमोजिम पर्यटन क्षेत्र पहिचान, सम्भाव्यता अध्ययन, पर्यटन पूर्वाधार निर्माणका साथै अन्तरसम्बन्धित क्षेत्रहरुको पहिचान तथा विकासमा जोड दिइनेछ ।

३१. प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा साहसिक पर्यटनको पहिचान, संरक्षण, विकास र प्रचारप्रसारका साथै होमस्टे सञ्चालन प्रवर्द्धन सम्बन्धी कार्यक्रम ल्याइनेछ ।

३२. पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन, आर्थिक उपार्जन र व्यावसायिकतता रुपान्तरण सम्बन्धी कार्यक्रमका लागि तहगत सरकार तथा नीजि क्षेत्रसंग साझेदारी र सहकार्य गरिनेछ ।

३३. बुजुधुरीमा शहीद स्मृति गणतन्त्र पार्क निर्माण, सुनछहरी झरनामा पार्क निर्माण र विवाङ दह संरक्षण तथा पर्यटकीय पूर्वाधार निर्माण गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

३४. हरेक पूर्वाधार विकास गर्दा पर्यावरण संरक्षणका साथै पर्यटकीय सूचकको संरक्षण र विकासलाई संगसंगै अगाडि बढाइनेछ ।

## सहकारीताको विकास: व्यावसायिकता, आत्मनिर्भरता र उद्यमशीलता प्रवर्द्धन

३५. सहकारी क्षेत्रमा देखिएका समस्याहरु, जोखिमको अबस्था, बित्तीय सुशासन र पूंजी परिचालन लगायतका पक्षहरुमा गाउँपालिकामा दर्ता भएका सबै सहकारीहरुको अनुगमन  र मूल्याङ्कन गरिनेछ ।

३६. सहकारीमा आवद्ध पदाधिकारीहरुलाई तालिम तथा प्रशिक्षण गरिनेछ ।

३७. सहकारी समस्या अध्ययन सम्बन्धी नेपाल सरकारले बनाएको कार्यदलको सुझावलाई कार्यन्वयन गरिनेछ।

३८. कृषि तथा पशुमा आधारित सहकारी संस्थाहरुलाई  कृषि तथा पशु उत्पादन बृद्धि गर्न प्रोत्साहित गरिनेछ।

**श्रम तथा रोजगारी**

३९. गाउँपालिकामा सूचीकृत भई मापदण्ड अनुसार छनौट हुने बेरोजगार जनशक्तिलाई कार्यविधिले तोके बमोजिम १०० दिनको रोजगारी उपलब्ध गराइनेछ।

४०. युवाहरुलाई स्वरोजगार व्यावसायिक तालिम र विद्यालयका भान्सेहरुलाई कुक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

४१. प्रत्येक वडामा रोजगार डेस्कको स्थापना गरी बेरोजगार तथ्याङ्क संकलन र अन्य बिबरणहरु अद्यावधिक  गरिनेछ।

**समाज रुपान्तरणको आधार शिक्षाः गुणस्तरीय, बालमैत्री र प्रविधियुक्त  शिक्षा**

४२. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विभिन्न क्षमता विकास, अन्तरक्रिया, अभिभावक शिक्षा लगायतका कार्यक्रमहरु साथै कक्षा १ देखि ९ सम्म प्रश्नपत्रमा एकरुपता कायम गर्नुका साथै कक्षा ८ को परीक्षा पालिकास्तरमा स्टान्डर्ड कायम गरिनेछ। विद्यालय तथा शिक्षक लक्षित पुरुस्कार र दण्डको नीति अबलम्बन गरिनेछ।

४३. प्रधानाध्यापकहरुलाई प्रोत्साहन तथा थप जिम्मेवारी प्रदान गरी विद्यालयको प्रशासकीय र ब्यबस्थापकीय सुधारका लागि प्रधानाध्यापकसंग कार्यसम्पादन करार सम्झौता गरी सूचकका आधारमा नियमित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरी विद्यालय शिक्षा सुधार तथा गुणस्तर अभिवृद्धि कडाइका साथ कार्यन्वयन गरिनेछ।

४४. स्थानीय मगर भाषामा कक्षा ३ सम्म  पठनपाठन यस शैक्षिक सत्रमा लागू गरिएको छ। आगामी शैक्षिक सत्रमा कक्षा ४ देखि ८ सम्मको पाठ्यपुस्तक तयारी गरी कार्यन्वयनमा ल्याइनेछ।

४५. बिद्यालयमा डिजिटल शैक्षिक सामग्रीहरु, बिज्ञान प्रयोगशाला नभएका विद्यालयहरुमा प्रयोगशाला स्थापना, विद्यालयका शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी तालिम र प्रतिस्पर्धात्मक प्रविधिमैत्री शिक्षा प्रवर्द्धनमा जोड दिइनेछ।

४६. प्राविधिक तथा ब्याबसायिक शिक्षामा जोड दिदै पशु प्राविधिक शिक्षामा अध्ययनरत प्रत्येक वडाबाट बालबालिकाहरुलाई दुई/ दुई जना र विपन्न तथा जेहेन्दार दलित गरी १६ जनालाई छात्रवृति अनुदान उपलब्ध गराइनेछ।

४७. प्रधानाध्यापकहरुलाई नेतृत्व विकास र उत्प्रेरणा अभिवृद्धिका कार्यक्रमहरुबाट क्षमता अभिवृद्धि गरिनेछ।

४८. शैक्षिक पहुँच सुनिश्चितताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक पुस्तकालय ब्यबस्थापन गरी सिकाइ र सूचना केन्द्रको रुपमा सामुदायिक सिकाइ केन्द्रहरुलाई ब्यबस्थित गरिनेछ।

४९. शिक्षक तथा विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक विधि मार्फत प्रविधिमा आधारित शिक्षण सामग्री उत्पादन, अडियो भिडियो, सूचना तथा सञ्चार प्रविधिमा आधारित पुस्तकालय तथा कक्षा निर्माणका साथै विभिन्न दिवसीय कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ।

५०. आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह ९- १० मा अग्रेजी, गणित र विज्ञान विषयको पठनपाठनका लागि शिक्षण सिकाइ अनुदान उपलब्ध गराइनेछ।

५१. विद्यालयमा दिवा खाजा ब्यबस्थापनलाई ब्यबस्थित गर्दै स्थानीयस्तरमा उत्पादित खाद्यबस्तुहरुबाट दिवा खाजा ब्यबस्थापन गरिनेछ।

५२. गाउँपालिका र संघीय सरकारको साझेदारीमा विद्यालय भवनहरु निर्माण गरिनेछ।

५३. कक्षा ८ र १० को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने २ वटा विद्यालयहरुलाई पुरुस्कारको ब्यबस्था मिलाइनेछ। त्यस्तै, उत्कृष्ट कार्यसम्पादन हासिल गर्ने प्रधानाध्यापक र शिक्षकहरुलाई ७ जना शिक्षकहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।

५४. कक्षा ८-१२ सम्मका विद्यार्थीहरुका लागि “ पढ्दै- कमाउदै”शिक्षाको व्यवस्था सम्बन्धित विद्यालयमार्फत सञ्चालन गरिनेछ।

५५. सुनछहरी गा.पा.का ३३ वटै सामुदायिक विद्यालयमा एकरुपता र पूर्ण आर्गानिक दिवा खाजा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ।

५६. सामुदायिक विद्यालयका भवन अभाव भएका विद्यालयहरुको एकिन गरी विद्यालय भवन निर्माणका लागि बजेट बिनियोजन गरिनेछ र संघ तथा प्रदेशमा बजेट माग गर्दा माग र आवश्यकतालाई प्राथमिकतामा राखी सिफारिश गरिनेछ।

५७. गाउँपालिका अनुदानमा कार्यरत सबै तहका शिक्षक, बालविकास शिक्षक र विद्यालय कर्मचारीहरुको तलब भत्ता प्रचलित स्केल बमोजिम हुने गरी बनाउनका लागि अध्ययन गर्न एक तलब सुझाव समिति मार्फत प्रतिवेदन लिइ अगाडि बढाइनेछ।

५८. विद्यालयमा चट्याङ्बाट बच्न प्रत्येक विद्यालयमा अर्थिक जडानको ब्यबस्था मिलाउन विभिन्न निकायहरुको सहयोग र गाउँपालिकाको साझेदारीमा हुने ब्यबस्था मिलाइनेछ।

५९. कक्षा ३,५, ८ र १० कक्षामा पालिकामा उत्कष्ट हुने विद्यार्थीहरुको लागि नगद पुरुस्कारको ब्यबस्था मिलाइनेछ।

६०. सबै विद्यालयहरुमा कम्प्युटर, प्रिन्टर र प्रोजेक्टर पुर्याउन पहल गरिनेछ।

६१. पालिका स्तरमा सबै विद्यालयहरुको समन्वय र साझेदारीमा शैक्षिक मेला आयोजना गरिनेछ।

६२. पालिकाभित्र उच्च शिक्षा हासिल गर्ने विद्यार्थीको लागि छात्रवृतिको ब्यबस्था गर्न आवश्यक पहल गरिनेछ।

६३. साना बालबालिकाहरुको पठन पाठनलाई सहजता ल्याउन आवश्यक्ता हेरी उपयुक्त स्थानमा बालविकास केन्द्रको स्थापना गरिने छ।

**हाम्रो स्वास्थ्यः हाम्रो भविस्य र हाम्रो जीवन**

६४. स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण, संस्थागत प्रणालीमा सुदृढीकरण, स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण,स्वास्थ्यकर्मीको ब्यबस्था र तालिम तथा क्षमता विकासबाट स्वास्थ्य सुविधाको पहुँचमा विशेष जोड दिइनेछ।

६५. स्वास्थ्य संस्थाहरुलाई न्यूनतम् सेवा मापदण्डको प्रगतिको आधारमा मूल्याङ्कन गरी सुदृढीकरण गरिनेछ। पोषण स्वास्थ्यमा सुधार, ६८ बर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घर- घरमा स्वास्थ्य सेवा, दीर्घ रोगीहरुलाई निशुल्क औषधी वितरण र स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउने सबै सुत्केरी महिलाहरुलाई प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

६६. गाउँपालिकाको स्वास्थ्य नीति, ऐन र  सामुदायिक स्वास्थ्य इकाईहरु सञ्चालनको लागि कार्यविधि तर्जुमा गरिनेछ।

६७. समग्र गाउँपालिकाको स्वास्थ्य क्षेत्रको प्रतिवेदन तयार गरी स्वास्थ्य क्षेत्रको पूर्वाधार विकास तथा गुणस्तरीइ र छिटो एवं छरितो सेवा प्रवाहको लागि आवश्यक पहल गरिनेछ।

६८. ग्रामीण आँखा केन्द्रको मार्फत वडा वडामा आँखा शिविरको व्यवस्था गरी ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग व्यक्तिहरुका लागि उपचार सहज बनाइनेछ।

६९. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चितताको लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यन्वयन गर्न संघ, प्रदेश र अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

७०. महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७१. बालबालिकाहरुको पोषण स्वास्थ्यमा सुधार गर्न  पोषणमैत्री  स्थानीय शासन प्रवर्द्धन गरी पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ।

७२. गर्भवती र सुत्केरी आमाको मृत्युदरलाई शुन्यमा झार्न विगतमा अपनाइको नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै प्रसुति चेकजाँच र रेफरका लागि एम्बुलेन्स  सेवा र पोषण तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ।

७३. आमा र बच्चाको स्वास्थ्यलाई ध्यानमा राखि होम डेलिभरी फ्रि पालिका घोषणा कार्यलाई प्राथमिकता दिईने छ।

७४. ग्रामीण आँखा केन्द्रलाई साधन स्रोतले सम्पन्न बनाइ आँखा सम्बन्धी रोगहरुको उपचार गर्ने ब्यबस्था मिलाइनेछ।

## सुरक्षित खानेपानी र पूर्ण सरसफाइयुक्त गाउँपालिका हाम्रो अभियान

७५. खानेपानी,सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। शुद्ध खानेपानी प्रयोग गर्ने सुनिश्चिताका लागि **मुहानदेखि मुखसम्म सुरक्षित खानेपानी** सम्बन्धी सचेतना अभिवृद्धि गरिनेछ।

७६. पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणका लागि सबै बस्ती र टोलहरुमा महिनाको एक दिन स्वयंसेवी रुपमा सरसफाई अभियान सञ्चालन गरिनेछ।

७७. टोल विकास संस्थामार्फत कुहिने र नकुहिने फोहर बर्गीकरण गरी टोलस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालनका साथै फोहरको पुनः प्रयोग तथा आफूले गरेको फोहरको ब्यबस्थापन आफै गर्नुपर्ने अन्यथा व्यवस्थापनका लागि थप शुल्क व्यहोर्नुपर्ने नीति अबलम्बन गरिनेछ।

७८. स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा गाउँघरमा ढल निकास व्यवस्थापनमा विशेष ध्यान दिइनेछ।

## लिङ्गीय भेदभाव, छुवाछुत र महिला हिंसामुक्त गाउँघर:
## सामाजिक न्याय, समानता र शोषणमुक्त समाज निर्माणको आधार

७९. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैङ्गिक समता, समानता, शसक्तीकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ।

८०. सामाजिक समावेशीकरण, लैङ्गिक हिंसा न्यूनीकरण, जातीय भेदभाव, बजेट तथा योजना तर्जुमामा लक्षित वर्गको सहभागिता सुनिश्चिता, महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक ब्यक्तिको हक हितको संरक्षण, सम्बर्द्धन, शसक्तीकरण र मूलप्रवाहीकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

८१. बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक लगायत हरेक क्षेत्रमा क्षमता विकासको लागि हरेक चरणमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ। बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि तर्जुमा गरी कार्यन्वयनमा ल्याइनेछ।

८२. समाजमा रहेका बालश्रम, बालबिबाह, बहुबिबाह, दाइजो प्रथा, छुवाछुत जस्ता सामाजिक कुसंस्कारका विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ।

८३. सामाजिक रुपमा बहिष्करण, बञ्चितीकरण र पछाडि परेका व्यक्तिहरुलाई मापदण्ड बमोजिम सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम ल्याइनेछ।

८४. संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि १९८९ मा नेपालले गरेको प्रतिबद्धता कार्यन्वयनका लागि आवश्यक बजेट तथा कार्यक्रम बनाइ कार्यन्वयन गरिनेछ।

८५. सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्न विभिन्न कार्यक्रमहरुलाई अन्तरसम्बन्धित बनाइ सञ्चालनमा ल्याइनेछ।

८६. महिलाहरुको क्षमता अभिवृद्धि र सशक्तीकरणका लागि प्रत्येक वडामा महिला विकास गठन गरी सबल र सक्षम महिला समाज निर्माण गरिनेछ।

८७. जनप्रतिनिधि र कर्मचारीहरुको संयुक्त रुपमा बेइजिङ घोषना पत्र सम्बन्धी अभिमुखीकरण गरिनेछ।

## मौलिक कला संस्कृतिको प्रवर्द्धन अभियानः सुनछहरीको पहिचान

८८. स्थानीय कला, साहित्य,संगीत, परम्परागत संस्कृतिको संरक्षण तथा सम्बर्द्धनका लागि बिशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८९. मगर भाषा , साहित्य र संस्कृतिको अभिलेखीकरणका लागि अध्ययन तथा अनुसन्धान कार्य गरिनेछ।

९०. लोप हुन लागेका स्थानीय संस्कृतिको संरक्षण तथा जर्गेनाका लागि समाजमा रहेका ज्येष्ठ नागरिकहरुबाट पुस्तान्तरण गर्न युवाहरुलाई परिचालन गरिनेछ।

९१. प्राचीन मुढेपात्रोको संरक्षण, धामी तथा झाक्रीहरुमा रहेको वैदिक ज्ञानको संरक्षण र त्यसको वैज्ञानिकताको अध्ययन गरी लिखित दस्तावेज बनाउन पहल गरिनेछ।

९२. सुनछहरी गाउँपालिकाको प्राचीन मौलिक कला, संस्कृति संरक्षण तथा विकास एवं वैज्ञानिक तथा व्यवहारिक प्रयोगका लागि सुनछहरी प्रज्ञा प्रतिष्ठान बनाउन आवश्यक अध्ययन र पहल गरिनेछ।

९३. संस्कार र संस्कृतिको नाममा हुने अनाबश्यक खर्च, सामाजिक विकृति तथा विसंगति नियन्त्रण गरी पारदर्शी तथा सभ्य समाज निर्माणका लागि आवश्यक कानुन बनाई लागू गरिनेछ।

**युवाहरुमा सकारात्मक सोच र सृजनशीलता: स्वस्थ समाज निर्माणमा युवाहरुको सहभागिता**

९४. युवाहरुसंग स्थानीय तह कार्यक्रम, युवाहरुको आवश्यकतामा आधारित बहस पैरवी कार्यक्रम र सीप तथा ब्याबसायिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

९५. युवामैत्री स्थानीय शासन प्रवर्द्धनका लागि युवा तथा खेलकुद विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९६. युवाहरुको खेलकुद प्रतियोगिता सञ्चालन गरी जिल्ला स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरु विकास गरिनेछ।

९७. माध्यमिक स्तरका बालबालिकाहरुको सहभागितामा राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ।

९८. गाउँपालिकाको गौरवको खेलको रुपमा रहेको ब्याडमिन्टन खेलका साथै भलिबल खेललाई प्रतियोगिताको रुपमा सञ्चालनमा ल्याइनेछ।

९९. समृद्ध सुनछहरी युवाहरुको जिम्मेवारी, अवको सुनछहरी यूवाहरुकै काँधभरी भन्ने नाराका साथ कम्तीमा वर्षको एकपटक यूवाहरुसंग सकारात्मक अन्तरक्रिया गरिनेछ।

............ज्यू,

गाउँपालिका उपाध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,

## सुनछहरी विकासको आधारः गुणस्तरीय, दीगो र वातावरणमैत्री पूर्वाधार

१००. गाउँपालिकाको दोस्रो आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न अन्तरसरकारी तहमा पहल गरी साझेदारी विकास मार्फत भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ।

१०१. गाउँपालिकाको आर्थिक विकासमा योगदान पुर्याउने, पालिकाबासीहरुको जीवनस्तर उकास्ने र दीर्घकालीन रुपमा आय वृद्धि गर्ने खालका आयोजनाहरु स्रोत साधन र क्षमताको आधारमा क्रमशः कार्यन्वयनमा प्राथमिकता दिइनेछ।

१०२. दीगो विकास लक्ष्यलाई समावेश गरी कार्यन्वयन विकास योजना प्रणाली कार्यन्वयन गरिनेछ।+

१०३. गाउँपालिका भवन र सडक गुरुयोजना निर्माण गरी सार्वजनिक भवनहरु निर्माणका साथै सडक यातायात नपुगेका बस्तीहरुमा वातावरणीय प्रभाव परीक्षण तथा मूल्याङ्कनका आधारमा नयाँ सडकहरु निर्माण तथा स्तरोन्नति कार्य गरिनेछ।

१०४. सार्वजनिक भवन तथा सडकहरु निर्माण गर्दा पूर्व सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजनाहरुको लागत एवं लाभको विश्लेषणको आधारमा निर्माण कार्यमा जोड दिइनेछ।

१०५. संघ तथा प्रदेश सरकारसंग समन्वय गरी रणनीतिक महत्वका झोलुङ्गे पुलहरु निर्माण आवश्यकताका आधारमा नयाँ स्थानहरुका झोलुङ्गे पुलहरु निर्माण र जीर्ण अबस्थामा रहेका पुलहरु विस्थापित गरिनेछ।

१०६. सुलीचौर देखि पोबाङसम्मको मोटरबाटो कालोपत्रे गर्नका लागि संघ तथा प्रदेश सरकारसंग बिशेष पहल गरिनेछ।

१०७. बाक्ला बस्तीहरु भएको स्थानहरुमा सडक, सार्वजनिक शौचालय, फोहर ब्यबस्थापन, खानेपानी, विद्युत जस्ता पूर्वाधारहरु एकीकृत रुपमा निर्माण गर्ने कार्यलाई जोड दिइनेछ।

१०८. विद्युतको पहुँच नपुगेका घरधुरीहरुमा उर्जामा पहुँच सुनश्चिताका लागि नेपाल विद्युत प्राधिकरणसंगको समन्वयमा केन्द्रीय प्रसारण लाइन विस्तारमा जोड दिइनेछ। सार्वजनिक निकायहरुमा वैकल्पिक उर्जा केन्द्रसंग पहल गरी सौर्य उर्जा प्रणाली जडानलाई प्राथमिकता दिइनेछ।

१०९. तहगत समन्वय, सहकार्य र साझेदारी मार्फत सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गरिनेछ। भरपर्दो सञ्चार सुविधा सुनिश्चिताका लागि आवश्यक पहल गरिनेछ।

११०. गाउँपालिकाका सवै वडा कार्यालयहरुमा फाइबेर इन्टरनेट सेवा पुर्याइनेछ।

१११. सम्पदा पूर्वाधार संरक्षण तथा निर्माणमा अन्तरआबद्वता हुने गरी मापदण्ड तथा प्रारुप तयार गरी क्रमशः कार्यन्वयन गर्दै लगिनेछ।

११२. पूर्वाधार निर्माण गर्दा वातावरणीय रुपमा कम असर पुर्याउने र दीगो एवं टिकाउयोग्य पूर्वाधारहरु निर्माणमा विशेष ध्यान दिइनेछ।

११३. मोटरबाटोको दिगोपनाका लागि (Road Management Group) परिचालन गरिने छ।

११४. दोस्रो आवधिक पञ्चबर्षीय योजनाको आयोजना बैंकमा रहेका पूर्वाधार योजनाहरु कार्यन्वयनमा पहिलो प्राथमिकता(P1)मा राखिनेछ।

**वातावरण संरक्षणमा हामी सबैको सहभागिताः जलबायू अनुकुलन उत्पादन, विकास र उपभोगमा सृजनशीलता**

११५. नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित निकायसंग समन्वय र सहकार्यमा निजी वन ब्यबस्थापन, राष्ट्रिय वन संरक्षण, सामुदायिक बन संरक्षण, बनजंगल संरक्षण र बाझो जग्गामा बृक्षारोपण कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

११६. विकास आयोजनहरु सडक,भवन, खानेपानी, सिंचाइ,पुलपुलेसा निर्माण गर्दा मासिन गएका रुखहरुको स्थानमा बोटबिरुवा वृक्षारोपण गरी हरितमैत्री वातावरण कायम गर्न जोड दिइनेछ।

११७. बनजङ्गलमा क्षति पुर्याउने खालका गतिबिधिहरु जस्तोः- आगलागी, जथाभावी रुख फडानी र काष्ठपैदावरहरुको चोरी निकासी गर्नेलाई कानुन बमोजिम क्षतिपूरण गराउने ब्यबस्था मिलाइनेछ।

११८. एक ब्यक्ति एक रुख रोप्ने कार्यलाई अभियानमा रुपमा वडा र टोलस्तरमा सञ्चालन गरिनेछ। त्यसका साथै १६ बर्ष उमेर पुगेका र ६८ बर्ष ननाघेका प्रत्येक नागरिकले बर्षको एकपटक आफ्नो जन्मोत्सवको अवसरमा अनिवार्य रुपमा रुख रोप्नुपर्ने नीति अगाडि बढाइनेछ।

११९. नर्सरी निर्माण, डाले घाँस विस्तार, एक घर एक फलफूल विस्तार, झाडी बुट्टयान र वन नभएका क्षेत्रमा उपयोगी बिरुवा रोपण र औषधीजन्य बहुउपयोगी वृक्षारोपण गर्ने कार्यलाई प्रवर्द्धन गरिनेछ।

१२०. जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिएर जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायू अनुकुलन मार्फत पर्यापर्यटनमा जोड दिइनेछ।

१२१. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र जलवायु परिवर्तन अनुकूलन योजना तथा कार्यक्रम समुदायस्तरमा सञ्चालन गर्न स्वयंसेवक जनशक्ति परिचालन गरिनेछ। विपदमा हुन सक्ने लैङ्गिक हिंसालाई ध्यानमा राखी सचेतनामूलक सन्देश, सूचना सामग्रीहरु स्थानीय भाषामा समेत सम्प्रेषण गरिनेछ।

१२२. प्राकृतिक प्रकोपका कारण उद्दार, राहत तथा जोखिम न्युनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रकोप ब्यबस्थापन कोषलाई उपयोगमा ल्याइनेछ। खोज, उद्दार, राहत, पुनस्थापना कार्यलाई योजनाबद्व व्यवस्थित गर्न पालिका तथा समुदायस्तरमा द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामग्री सहित तयारी अबस्थामा राखिनुका साथै आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सुदृढ गरिनेछ।

१२३. विकासका हरेक कार्यमा विपद् जोखिम आंकलन गरेर प्रकोप न्युनकीकरका माध्यमबाट कार्यन्वयन गर्नुपर्ने नीति कार्यन्वयनमा ल्याइनेछ।

१२४. पहिरो, भु-क्षय, नियन्त्रण तथा वन पैदावर संरक्षणको लागि पशु चौपायको खुला चरिचरणलाई क्रमशः कम गर्दै व्यावसायिक र वैज्ञानिक कृषि उत्पादन तथा पशु पालनको लागि आवश्यक पहल गरिनेछ।

..............ज्यू,

गाउँपालिका उपाध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,

सेवा प्रवाह, विकास ब्यबस्थापन र कानुनको शासनमा प्रतिबद्धताः सुशासन प्रवर्द्धनमा हामी सबैको ऐक्यबद्धता

१२५. नागरिकको नजिकको सरकारको अनुभूति गराउन पालिका र वडास्तरबाट प्रवाह हुने सेवाहरुलाई छिटो छरितो, चुस्त दरुस्त र प्रभावकारी बनाइनेछ। सेवा प्रवाहका सन्दर्भमा नागरिकका गुनासाहरुको सम्बोधन यथासमयमा गर्ने ब्यबस्था मिलाइनेछ।

१२६. हाल गाउँपालिका र अन्तर्गतका निकायहरुमा उपलब्ध जनशक्तिलाई उच्च मनोबलमा साथ आफ्नो योग्यता र क्षमताको भरपूर सदुपयोग र क्षमता विकास गर्ने वातावरण मिलाइनेछ। रिक्त दरबन्दीहरुमा पदपूर्तिका लागि प्रदेश सरकार र प्रदेश लोकसेवा आयोगमा पहल गरिनेछ। प्रचलित कानुन बमोजिम अस्थायी अवधिका लागि करारमा पदपूर्ति गर्नुपरेमा समावेशी सिद्धान्तका आधारमा पदपूर्ति गर्ने नीति अङ्गीकार गरिनेछ।

१२७. अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन, क्षमता विकास हुने खालका अध्ययन, अवलोकन तथा भ्रमण आवश्यकताका आधारमा गरिनेछ।

१२८. बिनियोजन कुशलता र बजेट खर्च गर्ने क्षमता अभिवृद्धिमा जोड दिइनेछ। सार्वजनिक खरीद प्रणाली प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरयुक्त बनाइनेछ।

१२९. गुणस्तरीय सेवा प्रवाहका लागि सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निस्पक्ष, पेशागत अनुशासनप्रति प्रतिबद्ध, पारदर्शी, भष्ट्राचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै लगिनेछ। कार्यालय र जनशक्तिलाई साधन र स्रोतले सुसज्जित गराइ गुणस्तरीय सेवा प्रवाहमा जोड दिइनेछ।

१३०. वडास्तरमा घटना दर्ता अभियानमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सहज र प्रभावकारी बनाइनेछ।

१३१. सूचनाको हकलाई प्रवर्द्धन गर्न सूचना अधिकारीको क्षमता विकास, वडा तहसम्म गुनासो सुनुवाइ संयन्त्र, नियमित र स्वतः प्रकाशन जस्ता कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ।

१३२. हामीले तिरेको कर हाम्रै सुनछहरीको विकासका लागिः कर तिर्नु मेरो कर्तव्य हो भन्ने बिषयलाई आत्मसाथ गर्दै बार्षिक रुपमा संकलन हुन सक्ने राजश्व अनुमान अनुसार कर परिचालन गर्न करका दर र दायरा बढाउदै लगिनेछ। सबै वडा र पालिकाको मासिक, अर्धबार्षिक र बार्षिक रुपमा कर संकलन गर्ने लक्ष्य तोकिनेछ। तोकिएको लक्ष्यभन्दा बढी कर संकलन गर्ने वडाहरुलाई आर्थिक बर्ष २०८२/०८३ देखि वडाहरुमा पठाइने सिलिङमा बिनियोजन सूचकका रुपमा राखिनेछ।

१३३. गाउँपालिकाभित्रका सबै व्यावसायहरुलाई करको दायरामा ल्याइनेछ। करदाता शिक्षामार्फत कर सम्बन्धी सचेतना अभिवृद्धि गरिनेछ।

१३४. न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास, मेलमिलापकर्ताहरुको सूचीकरण र न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। सबै वडाहरुमा मेलमिलाप केन्द्रलाई ब्यबस्थित र प्रभावकारी बनाई सदभावयुक्त समाज निर्माणमा जोड दिइनेछ। न्यायिक समितिको कार्यप्रक्रिया र मेलमिलाप प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३५. वित्तीय सुशासन जोखिम न्यूनीकरण योजना बनाइ वित्तीय व्यबस्थापमा प्रक्रियागत जोखिम, नतिजाको जोखिम र वित्तीय अनुशासन जोखिम न्युनीकरण गरिनेछ। बेरुजु न्यूनकीकरण र फछर्यौटलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ।

१३६. योजना तथा कार्यक्रम तर्जुमा गर्दा समावेशी तथा सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई अनिवार्य गरी दोस्रो आवधिक योजना र मध्यमकालीन खर्च संरचनामा आधारित बनाइनेछ।

१३७. गाउँपालिकाभित्र भएका विकास निर्माण तथा अन्य कार्यक्रमहरुको गुणस्तर र नियमितताको सम्बन्धमा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र वडा स्तरीय अनुगमन समितिलाई नियमित अनुगमन तथा प्रतिवेदन अनिवार्य गर्नुका साथै अनुगमन तथा सुपरीवेक्षणका लागि आवश्यक स्रोत साधनको ब्यबस्था मिलाइनेछ।

१३८. उपभोक्ताको हकहितलाई संरक्षण गर्न र बजार अनुशासन कायम राख्नका लागि एकीकृत बजार अनुगमन गर्ने ब्यबस्था मिलाइनेछ।

१३९. उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यन्वयन सम्बन्धी तालिम तथा प्रशिक्षणको माध्यमबाट योजना कार्यन्वयन क्षमता बढाइनेछ। समयमै, गुणस्तरयुक्त र मापदण्ड बमोजिम योजना

कार्यन्वयन गर्ने उपभोक्ता समितिलाई प्रत्येक वडाबाट १/१ गरी ७ वटा उपभोक्ता समितिलाई गाउँसभाबाट कदरपत्र सहित प्रोत्साहन गरिनेछ।

१४०. कर्मचारीहरुमा उत्प्रेरणा र क्षमता विकास गर्नको लागि तालिम तथा प्रशिक्षण, कदर पत्र सहित सम्मान, प्रोत्साहन र पुरुस्कृत गर्ने ब्यबस्था मिलाइनेछ।

१४१. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईकासाथ लागू गरिनेछ।

१४२. सरकारी तथा गैरसकारी निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसंग दोहोरिन नदिन बार्षिक विकास कार्यक्रममा आबद्ध हुने गरी कार्यन्वयन गर्ने ब्यबस्था मिलाइनेछ।

**अन्त्यमा,**

१४३. आर्थिक बर्ष २०८१/०८२ को यस नीति तथा कार्यक्रमले सुनछहरी गाउँपालिकालाई समुन्नत नमूना गाउँपालिका निर्माण गर्ने आकाँक्षालाई आत्मसाथ गरेको छ। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनबाट स्थानीय उत्पादकत्व वृद्धि, जीवनयापनमा सहजता, मानव विकासमा सुधार, वातावरण संरक्षणमा योगदान र समता सहितको समानतामार्फत सामाजिक न्याय र गुणस्तरीय सेवा सहज रुपमा प्राप्त गर्न सहयोग गर्नेछ।

१४४. नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार तथा सुनछहरी गाउँपालिकाको दोस्रो आवधिक पञ्चबर्षीय योजनाको सोच, लक्ष्य, उद्देश्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यन्वयनकमा सबै तहका सरकारहरु, विकास साझेदार तथा आम गाउँपालिकाबासीकको सदैव सहयोग र साथ प्राप्त हुनेमा विश्वास गर्दछु।

१४५. हाम्रो सामू विद्यमान रहेका असंख्य चुनौतीका चाङहरुलाई वैज्ञानिक, जनमूखी र उत्तरदायीपूर्ण योजना तथा कार्यक्रमहरुमार्फत अवसरमा रुपान्तरण गर्ने अहंम जिम्मेवारीबोध निर्वाचित जनप्रतिनिधिहरुलाई आइलागेको छ। ब्यबस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको पूर्ण प्रयोग गर्दै सुनौलो सुनछहरीः आत्मनिर्भर सुनछहरी  बनाउन सदैव लागिपरिरहने प्रतिबद्वता यस सम्मानित गाउँसभामा राख्न चाहन्छु। नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने उपाध्यक्षज्यू, गाउँपालिकाका प्रवक्ता ज्यू, वडाध्यक्षज्यू र सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, समितिका पदाधिकारी ज्यूहरु,

राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, समाजसेवी लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन ब्यक्त गर्दछु ।

धन्यबाद ।॥

**धन बहादुर पुनमगर**
**अध्यक्ष**
**सम्बत् २०८१ साल असार ७ गते शुक्रबार ।**